Language Code : **13**

इस पुस्तिका में **16** मुद्रित पृष्ठ हैं।
This booklet contains **16** Printed pages.

# JSS-24-I

**प्रश्न-पत्र-I / PAPER-I**

**नेपाली भाषा परिशिष्ट**

**Nepali Language Supplement**

**भाग-IV & V / PART-IV & V**

**मुख्य परीक्षा पुस्तिका संख्या / Main Test Booklet No.**

**मुख्य परीक्षा पुस्तिका कोड / Main Test Booklet Code**

# A

**इस परीक्षा पुस्तिका को तब तक न खोलें जब तक कहा न जाए।**
**Do not open this Test Booklet until you are asked to do so.**
**इस परीक्षा पुस्तिका के पिछले आवरण (पृष्ठ 15 व 16) पर दिए निर्देशों को ध्यान से पढ़ें।**
**Read carefully the Instructions on the Back Cover (Page 15 & 16) of this Test Booklet.**

**नेपाली में निर्देशों के लिए इस पुस्तिका का पृष्ठ 2 देखें। / FOR INSTRUCTIONS IN NEPALI SEE PAGE 2 OF THIS BOOKLET.**

## परीक्षार्थियों के लिए निर्देश

1. यह पुस्तिका मुख्य परीक्षा पुस्तिका की एक परिशिष्ट है, उन परीक्षार्थियों के लिए जो **या** तो भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषा में देना चाहते हैं, लेकिन **दोनों नहीं**।
2. परीक्षार्थी भाग I एवं भाग II **या** III के उत्तर मुख्य परीक्षा पुस्तिका से दें और भाग IV व V के उत्तर उनके द्वारा चुनी भाषाओं से।
3. अंग्रेज़ी व हिन्दी भाषा पर प्रश्न मुख्य परीक्षा पुस्तिका में भाग IV व भाग V के अन्तर्गत दिए गए हैं। भाषा परिशिष्टों को आप अलग से माँग सकते हैं।
4. इस पृष्ठ पर विवरण अंकित करने एवं उत्तर पत्र पर निशान लगाने के लिए **केवल काले/नीले बॉल पॉइंट पेन** का प्रयोग करें।
5. इस भाषा पुस्तिका का **संकेत** है **A**। यह सुनिश्चित कर लें कि इस भाषा परिशिष्ट पुस्तिका का संकेत, उत्तर पत्र के **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिका पर छपे संकेत से मिलता है। अगर यह भिन्न हो, तो परीक्षार्थी दूसरी भाषा परिशिष्ट परीक्षा पुस्तिका लेने के लिए निरीक्षक को तुरन्त अवगत कराएँ।
6. इस परीक्षा पुस्तिका में **दो** भाग IV और V हैं, जिनमें **60** वस्तुनिष्ठ प्रश्न हैं, जो प्रत्येक 1 अंक का है :
   भाग-IV : भाषा-I (नेपाली) (प्र. 91 से प्र. 120)
   भाग-V : भाषा-II (नेपाली) (प्र. 121 से प्र. 150)
7. भाग-IV में भाषा-I के लिए 30 प्रश्न और भाग-V में भाषा-II के लिए 30 प्रश्न दिए गए हैं। इस परीक्षा पुस्तिका में केवल नेपाली भाषा से संबंधित प्रश्न दिए गए हैं। **यदि भाषा-I और/या भाषा-II में आपके द्वारा चुनी गई भाषा(एँ) नेपाली के अलावा है तो कृपया उस भाषा वाली परीक्षा पुस्तिका माँग लीजिए। जिन भाषाओं के प्रश्नों के उत्तर आप दे रहे हैं वह आवेदन पत्र में चुनी गई भाषाओं से अवश्य मेल खानी चाहिए।**
8. **परीक्षार्थी भाग-V (भाषा-II) के लिए, भाषा सूची से ऐसी भाषा चुनें जो उनके द्वारा भाषा-I (भाग-IV) में चुनी गई भाषा से भिन्न हो।**
9. रफ कार्य परीक्षा पुस्तिका में इस प्रयोजन के लिए दी गई खाली जगह पर ही करें।
10. सभी उत्तर केवल OMR उत्तर पत्र पर ही अंकित करें। अपने उत्तर ध्यानपूर्वक अंकित करें। उत्तर बदलने हेतु श्वेत रंजक का प्रयोग निषिद्ध है।

## INSTRUCTIONS FOR CANDIDATES

1. This booklet is a supplement to the Main Test Booklet for those candidates who wish to answer **EITHER** Part IV (Language I) **OR** Part V (Language II) in **NEPALI** language, but **NOT BOTH**.
2. Candidates are required to answer Part I and Part II **OR** III from the Main Test Booklet and Parts IV and V from the languages chosen by them.
3. Questions on English and Hindi languages for Part IV and Part V have been given in the Main Test Booklet. Language Supplements can be asked for separately.
4. Use **Black/Blue Ball Point Pen only** for writing particulars on this page/marking responses in the Answer Sheet.
5. The CODE for this Language Booklet is **A**. Make sure that the CODE printed on **Side-2** of the Answer Sheet and on your Main Test Booklet is the same as that on this Language Supplement Test Booklet. In case of discrepancy, the candidate should immediately report the matter to the Invigilator for replacement of the Language Supplement Test Booklet.
6. This Test Booklet has **two** Parts, IV and V, consisting of **60** Objective Type Questions, each carrying 1 mark :
   Part-IV : Language-I (Nepali) (Q. 91 to Q. 120)
   Part-V : Language-II (Nepali) (Q. 121 to Q. 150)
7. Part-IV contains 30 questions for Language-I and Part-V contains 30 questions for Language-II. In this Test Booklet, only questions pertaining to Nepali language have been given. **In case the language/s you have opted for as Language-I and/or Language-II is a Language other than Nepali, please ask for a Test Booklet that contains questions on that language. The language being answered must tally with the languages opted for in your Application Form.**
8. **Candidates are required to attempt questions in Part-V (Language-II) in a language other than the one chosen as Language-I (in Part-IV) from the list of languages.**
9. Rough work should be done only in the space provided in the Test Booklet for the same.
10. The answers are to be recorded on the OMR Answer Sheet only. Mark your responses carefully. No whitener is allowed for changing answers.

परीक्षार्थी का नाम (बड़े अक्षरों में) : ____________________
Name of the Candidate (in Capitals) :

अनुक्रमांक : (अंकों में) / Roll Number : in figures ____________________
: शब्दों में / in words ____________________

परीक्षा केन्द्र (बड़े अक्षरों में) : ____________________
Centre of Examination (in Capitals) :

परीक्षार्थी के हस्ताक्षर : ____________________ निरीक्षक के हस्ताक्षर : ____________________
Candidate's Signature : Invigilator's Signature :

Facsimile Signature Stamp of
Centre Superintendent : ____________________

Language Code : **13**

यस पुस्तिकामा 16 पृष्ठ छन्।

# JSS-24-I

**प्रश्नपत्र–I**

**नेपाली भाषा परिशिष्ट खण्ड**

**भाग IV र V**

**परीक्षा पुस्तिका संङ्केत**

**A**

**यो परीक्षा पुस्तिका तब मात्र खोल्नु होस् जब तपाईँलाई खोल्न भनिन्छ।**

**यस परीक्षा पुस्तिकाको पछिल्लो आवरणमा ( पृष्ठ 15 व 16 ) दिइएको निर्देश ध्यानले पढ्नु होस्।**

**परीक्षार्थीहरूका लागि निर्देश :**

1. यो पुस्तिका मुख्य परीक्षा पुस्तिकाको परिशिष्ट हो। ती परीक्षार्थीहरूका लागि जसले **कि** त भाग IV (भाषा I) **कि** भाग V (भाषा II) **नेपाली** भाषामा दिन सक्छन् तर **दुवैमा होइन**।
2. परीक्षार्थीले भाग I, II, III का उत्तर मुख्य परीक्षा पुस्तिकाबाट दिनु पर्छ र भाग IV र V का उत्तर उनीहरूले छानेको भाषाबाट।
3. अङ्ग्रेजी र हिन्दी भाषामा यी प्रश्न मुख्य परीक्षा पुस्तिकामा भाग IV र V अन्तर्गत दिइएका छन्। भाषा परिशिष्ट तपाईँ अलग्गै माग्न सक्नु हुने छ।
4. यस पृष्ठमा विवरण अङ्कित गर्न एवं उत्तर पुस्तिकामा चिह्न लगाउनका लागि **केवल निलो/कालो बल पोइन्ट पेन** मात्रै प्रयोग गर्नु होस्।
5. यो भाषा पुस्तिकाको **सङ्केत A** हो। के सुनिश्चित गर्नुहोस् भने यो भाषा परिशिष्ट पुस्तिकाको सङ्केत, उत्तरपत्रको **पृष्ठ–2** एवं मुख्य परीक्षा पुस्तिकामा छापिएको सङ्केतसित मिल्छ। यदि यो भिन्नै छ भने परीक्षार्थीले दोस्रो भाषा परिशिष्ट परीक्षा पुस्तिका लिनका लागि निरीक्षकलाई तत्कालै जनाउनु पर्ने छ।
6. यस पुस्तिकामा **दुई** भाग IV र V छन्, जसमा **60** वटा वस्तुनिष्ठ प्रश्न छन् र ती प्रत्येक 1 अङ्कका छन्।

   **भाग - IV : भाषा - I ( नेपाली )** *(प्र. 91 बाट प्र. 120)*

   **भाग - V : भाषा - II ( नेपाली )** *(प्र. 121 बाट प्र. 150)*
7. **भाग - IV** मा भाषा - I का लागि 30 प्रश्न र भाग - V भाषा-II का लागि 30 प्रश्न दिइएका छन्। **यदि तपाईँको भाषा I वा II नेपालीका अतिरिक्त छ भने कृपया त्यस भाषासित सम्बन्धित परीक्षा पुस्तिका माग्नु होस् जुन तपाईँको आवेदन पत्रमा अङ्कित थियो।**
8. **परीक्षार्थीले भाग V ( भाषा II ) का लागि भाषा सूचीबाट यस्तो भाषा छान्नु पर्छ जो उनीद्वारा भाषा I (भाग IV ) मा छानिएको भाषाबाट भिन्न होस्।**
9. कच्चा काम परीक्षा पुस्तिकामा दिइएको खाली स्थानमा नै गर्नुहोस्।
10. सबै उत्तर केवल **OMR** उत्तर पत्रमा अङ्कित गर्नु होस्। आफ्नो उत्तर ध्यानपूर्वक अङ्कित गर्नु होस्। उत्तर बदल्नका लागि श्वेतरञ्जकको प्रयोग निषेध छ।

विद्यार्थीको नाम (ठुलो अक्षरमा) : ____________________

अनुक्रमाङ्क : अङ्कमा : ____________________

: शब्दमा : ____________________

परीक्षा केन्द्र : ____________________

परीक्षार्थीको हस्ताक्षर : ____________________ निरीक्षकको हस्ताक्षर : ____________________

Facsimile signature stamp of
Centre Superintendent ____________________

परीक्षार्थीहरूले **भाषा–I** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग–IV** ( **प्रश्न 91–120** ) का प्रश्नहरूको उत्तर दिनुपर्ने छ।

Candidates should attempt the questions from **Part-IV (Q.No. 91-120)**, if they have opted **NEPALI** as **Language-I** only.

## PART-IV

## LANGUAGE-I

## NEPALI

परीक्षार्थीहरूले **भाषा-I** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग-IV ( प्रश्न 91-120 )** का प्रश्नहरूको उत्तर दिनुपर्ने छ।

**तलको अनुच्छेद पढेर दिइएका प्रश्नहरू (91 - 99) का सही उत्तर चिन्हित गर्नु होस्।**

सदाचारको अर्थ असल व्यवहार हो। मानिसले एकअर्कासितको व्यवहारमा भलापन देखाए, त्यो सदाचार हुन्छ। सदाचारमा ती सबै गुणहरू समावेश भएको हुन्छ, जसले मानिसलाई एकजना सफल मानिस झैँ भएर बाँच्न सिकाउँछ। सदाचारी हुनाको अर्को प्रतिशब्द चरित्रवान् बन्नु हो। चरित्र-निर्माणमा सदाचारको प्रमुख स्थान छ। सदाचारी मनुष्य मात्र चरित्रवान् बन्न सक्छ। सदाचारी बन्नका निम्ति शिशुकालदेखि नै हामीले सुव्यवहार, सुबोली, सुकर्म गर्ने बानी बसाउनु पर्छ। सानैदेखि असल मानिसहरूको संसर्ग गर्दै जानु पर्छ, उनीहरूका अर्ती-उपदेशको पालन गर्नु पर्छ। असल असल ग्रन्थकारहरूले लेखेका शिक्षाप्रद पुस्तकहरूको अध्ययन र मननबाट पनि सदाचारको पाठ सिक्ने गर्नु पर्छ। मानिसले कहिले काहीँ भुल गर्छ, यो स्वाभाविक हो अनि संयोगवश कुनै कुकार्य भइगएमा पश्चाताप गर्नु पर्छ, फेरि यस्तो भुल कहिल्यै नदोहोर्‍याउने प्रण गर्नु पर्छ। मनलाई बलियो तुल्याई कुकर्म र कुविचारबाट हटाई सुकार्य र सुविचारतिर मन नलगाई मानिस सदाचारी बन्न सक्तैन। सदाचारी मानिसमा आत्मबल हुन्छ र यसले गर्दा उसको शरीर पनि सबल रहन्छ। ऊ सदा सर्वदा प्रसन्नचित्त रहन्छ। कुविचार, कुकृत्यबाट अलग रहने भएको हुनाले सदाचारी मानिसको हृदय निष्कलङ्क-पवित्र रहन्छ।

**91.** भुल गरेर पश्चाताप गर्दा कुन कुराको सङ्कल्प गर्नु पर्छ ?
(1) भुल बिर्सिदिने
(2) भुल गर्नेलाई दण्ड दिने
(3) फेरि फेरि त्यस्तो भुल नगर्ने
(4) भुल मानवीय गुण हो भनी मानिलिने

**92.** सदाचार शब्दको सन्धि विच्छेद कस्तो हुन्छ ?
(1) सद् + आचार
(2) सत् + आचार
(3) सदा + आचार
(4) सत्य + आचार

**93.** सदाचार, निष्ठावान्, पवित्र, निष्कलङ्क - यी शब्दहरूमा भएको समानता के हो ?
(1) सबै पर्यायवाची शब्द हुन्।
(2) सबै तत्सम शब्द हुन्।
(3) सबै तद्भव शब्द हुन्।
(4) सबै संज्ञा शब्द हुन्।

**94.** 'सदाचारी' शब्दको विपरीतार्थक चिन्नु होस् -
(1) दुराचारी
(2) अत्याचारी
(3) सहचारी
(4) अविकारी

**95.** अनुच्छेद अनुसार तलको कुन कथन सही हो ?
(1) सदाचारी मानिस सधैँ खुसी रहन्छ।
(2) सदाचारी मानिसले दु:ख झेलिरहन्छ।
(3) सदाचारी मानिसले भलो चिताए पनि भलो गर्न सक्तैन।
(4) सदाचारी बन्नु निकै कठिन तथा असम्भव प्राय: कार्य हो।

**96.** सुबोली, सुव्यवहार, सुकर्म - यी शब्दहरूको निर्माण कसरी भएको छ ?
(1) सन्धि प्रक्रियाले
(2) समास प्रक्रियाले
(3) द्वित्व प्रक्रियाले
(4) सर्ग प्रक्रियाले

97. 'सदाचारी हुनाको अर्को प्रतिशब्द चरित्रवान् बन्नु हो।' – 'प्रतिशब्द' भनेको के हो ?

(1) साटोमा चलाउन सकिने शब्द
(2) उल्टो अर्थ प्रदान गर्ने शब्द
(3) सार कुरा बुझाउने शब्द
(4) श्रुतिसमान भिन्नार्थक शब्द

98. सदाचारको पालन गर्नाले मानिसमा कस्तो परिवर्तन आउँछ ?

(1) मानिस अर्काको भर पर्नु पर्दैन।
(2) मानिस सबैका लागि कामलाग्दो हुन्छ।
(3) मानिसमा असल चरित्रको निर्माण हुन्छ।
(4) मानिस दुर्बल भए पनि विवेकशील हुन्छ।

99. सदाचारी बन्नाको एउटा उपाय के हो ?

(1) सबैको अर्ती–उपदेशको पालन
(2) असल व्यक्तिहरूको सङ्गत
(3) पाए जति पुस्तकको पठन–पाठन
(4) सबै मानिसका काम कुरामा अग्रसर भई सघाउनु

**तलको कविता पढेर दिइएका प्रश्नहरू (100 - 105) का सही उत्तर चिन्हित गर्नु होस्।**

अति सुन्दर मानव जीवन यो
अझ सुन्दर पार्नु कसो गरि हो ?
गरि काव्य–सुधा रसपान अरे
गर मानव जीवन सार्थक रे।

न त झाँक्रि, न वैद्य न ज्योतिषिले
उपचार गरीकन शान्ति दिने
मनरोग निरोग गराइदिने
बुझ काव्य–सुधा रस औषधि हो।

सब कल्मष नाशि सुकाउँछ यो
मन मोद विनोद गराउँछ यो
दु:ख दुर्दुर पारि हटाउँछ यो
मन फुर्फुर पारि नचाउँछ यो।

100. कविताको दोस्रो पद्यमा काव्यको कस्तो भूमिका छ भन्ने कुरा व्यक्त गरिएको छ ?

(1) झाँक्री, वैद्य र ज्योतिषीको काम गर्ने
(2) मानसिक विकार हटाउने उपचार हो भन्ने
(3) काव्य रस हो भनेर बुझ्नु पर्ने
(4) शान्तिका लागि लेख्नु पर्छ भन्ने

101. कविताको पहिलो पद्यमा कस्तो शैली पाइन्छ ?

(1) व्याजस्तुतिपरक (2) संवादात्मक (3) प्रश्नोत्तरमूलक (4) चित्रात्मक

102. सुकाउँछ, गराउँछ, हटाउँछ, नचाउँछ – यी शब्दहरू कुन किसिमका क्रियापद हुन् ?

(1) असमापिका (2) नामिक क्रिया (3) संयुक्त (4) प्रेरणार्थक

103. कविताका पङ्क्तिहरूले कुन कुरा गर्नेतिर पाठकलाई प्रेरित गर्छन् ?

(1) स्वस्थ भई बाँच्नतिर
(2) साहित्यको पठनतिर
(3) परोपकारी बन्नतिर
(4) कविता लेख्नतिर

104. कवितामा 'कल्मष' शब्दले के बुझाएको छ ?
(1) नराम्रो विचार तथा नराम्रा कार्यहरू (2) दु:खको आँसु
(3) आइपरेको व्यावहारिक सङ्कट (4) जीवनका विघ्न-बाधा

105. 'सुधा' को अर्थ के हो ?
(1) सरल (2) आनन्ददायक (3) अमृत (4) रसिलो

106. कुनै विषयबारे मथिङ्गल मन्थन गरेपश्चात् पनि नानीले आफै एउटा अनुच्छेद लेख्न सक्तिन, तथापि प्रौढ व्यक्ति वा समकक्षीको मार्गदर्शनमा भने उसले लेख्न सक्छे। यस्तो मार्गदर्शनलाई के भनिन्छ ?
(1) अस्थायी टेवा (2) समकक्षी शिक्षण (3) समकक्षी परामर्श (4) समूह शिक्षण

107. नानीको समझ शक्ति वा तर्क युक्ति जस्ता उच्च स्तरका मानसिक प्रक्रियाको प्रयोग गरेर सिकिने प्रकार कुन हो ?
(1) मौखिक सिकाइ (2) अवधारणा सिकाइ
(3) गतिक कौशल सिकाइ (4) संरचनात्मक सिकाइ

108. कुनै नानीले केही शब्दहरू लेख्न गल्ती गरे तापनि एकजना शिक्षकका रूपमा तपाईँ त्यस नानीका 'भाषाको जम्मा-जम्मी प्रयोग' को प्रशंसा गर्नु हुन्छ। आफ्नो कक्षामा तपाईँद्वारा गरिने यस किसिमको पद्धति कुन हो ?
(1) समग्र भाषा (2) सम्पर्कपरक (3) विन्यासात्मक (4) संरचनात्मक

109. तपाईँ एकजना हिन्दी भाषी शिक्षक हुनु हुन्छ तर तपाईँलाई पञ्जाबको कुनै क्षेत्रको प्राथमिक पाठशालामा नियुक्ति दिइन्छ। तपाईँ त्यस क्षेत्रको स्थानीय भाषा जान्नु हुन्न। तपाईँले के गर्नु पर्नेछ ?
(1) हिन्दी बोलिने क्षेत्रमा स्थानान्तरका लागि झट्टै आवेदन गर्नु पर्नेछ।
(2) नानीको भाषालाई संसाधनका रूपमा प्रयोग गरी पढाउन सुरु गर्नु पर्नेछ।
(3) अङ्ग्रेजी भाषामा सम्पर्क गर्नु पर्नेछ।
(4) समुदायलाई हिन्दी सिक्न अभिप्रेरित गर्नु पर्नेछ।

110. पाठबाट कुनै विशेष सूचना उद्धृत गर्ने प्रयोजनका लागि गहिरिएर वा गहनतापूर्वक पाठको कुनै अंश पढ्ने कौशललाई कस्तो बोध क्षमता मान्न सकिन्छ ?
(1) वैश्विक (2) स्थानीय (3) अनुमानित (4) मूल्याङ्कनपरक

111. भाषा सिकाइमा निदानात्मक जाँचको प्रयोजन के हो ?
(1) एकत्रित मूल्याङ्कनका लागि योजना तयार गर्नु अनि प्रश्न बनाउनु
(2) अभिभावक-शिक्षक सभाहरू (PTMs) मा अभिभावकलाई सूचित गर्नु अनि त्यस कुरामा उनीहरूको ध्यान आकर्षण गराउनु
(3) शिक्षार्थीहरूका बुझाइमा रहेका रिक्ततालाई बुझ्नु अनि त्यसको सुधार गर्नु
(4) विद्यार्थीहरूका प्रगति विवरणमा रहेका प्राप्तिहरूको प्रयोग गर्नु

112. एउटा पाठ्य पुस्तकबारे निम्नलिखित कुन भनाइ सही छ ?
(1) शिक्षक अनि विद्यार्थीका लागि एउटा पाठ्य पुस्तक नै अन्तिम चिज हो।
(2) पाठ्य पुस्तकले पाठ्यक्रममा राखिएका उद्देश्यप्राप्तिमा सहयोग पुऱ्याउँछ।
(3) पाठ्य पुस्तक कुनै सत्रको शैक्षिक क्रियाकलापका निम्ति एउटा परिकल्पना हो।
(4) पाठ्य पुस्तक फेर्न सकिन्न।

113. विद्यार्थीहरूमाझ मौखिक भाषा विकासका लागि निम्नलिखित कुन चाहिँ कक्षा अभ्यासले शिक्षकलाई सहयोग पुऱ्याउँछ ?

(1) शिक्षक सँगसँगै कुनै पाठको सामूहिक पठन

(2) कण्ठस्थ गरेर कुनै कविताको सामूहिक आवृत्ति

(3) भूमिका खेलमा सहभागी बन्नु

(4) नौला अनि अप्रचलित शब्दहरूको शुद्ध उच्चारण अभ्यास

114. 'भाषा यादृच्छिक हुन्छ' भनेर हामी के बुझाउन चाहिरहेका हुन्छौँ ?

(1) कुनै भाषाका शब्द अनि तिनका अर्थमाझ स्वाभाविक सम्बन्ध हुन्छ।

(2) शब्द अनि तिनका अर्थमाझको सम्बन्ध अप्रत्याशित नभएर उपयुक्त कारणमा आधारित हुन्छ।

(3) कुनै भाषाका शब्द अनि तिनका अर्थमाझ कुनै स्वाभाविक सम्बन्ध हुँदैन।

(4) भाषाले पूर्वस्थापित सिद्धान्तको अनुपालन गर्दछ।

115. व्याकरण शिक्षणको निगमनात्मक पद्धतिले वकालत गरे अनुसार हामीले सर्वप्रथम __________।

(1) उदाहरणहरू प्रस्तुत गर्नु पर्छ। (2) नियमहरू प्रस्तुत गर्नु पर्छ।

(3) विशुद्ध सम्पर्क प्रस्तुत गर्नु पर्छ। (4) ड्रिलका माध्यमले अभ्यास गराउनु पर्छ।

116. तथ्यबाट बाहिर अड्कल वा अनुमान गर्ने जुक्ति निम्नलिखित मध्ये कुन चाहिँ हो ?

(1) व्याख्या (2) विश्लेषण (3) अनुमिति (4) अज्ञातमान

117. एकजना भाषा शिक्षकले शिक्षार्थीहरुलाई मुक्त लेखनका निम्ति प्रेरित गर्नु पर्छ कारण मुक्त लेखनको मुख्य उपलब्धि हो –

(1) यसले शिक्षार्थीहरूलाई धाराप्रवाहपूर्वक अनि सृजनात्मक रूपमा लेख्न प्रोत्साहित गर्छ।

(2) लेख्ने वा नलेख्ने विषयबारे शिक्षार्थीलाई प्राप्त स्वेच्छा

(3) शिक्षार्थीहरूले धेरै लेख्नु पर्छ वा पूर्णतः शुद्ध लेख्नु पर्छ भन्ने कुरा अनुभूत गर्दैनन्।

(4) शिक्षार्थीहरूले आफ्नो प्रथम भाषाद्वारा लिखित भाषाका लक्षणहरूलाई सम्मिलित गर्न सक्छन्।

118. कक्षा V का शिक्षकका रूपमा तपाईँ विद्यार्थीहरूलाई कुनै पाठ सावधानीपूर्वक पढ्न लगाउनु हुन्छ। त्यसपछि विषयका सन्दर्भ (RTC) मा गरिएका प्रश्नहरूको उत्तर सोध्नु हुन्छ। यस प्रक्रियाद्वारा तपाईँ कुन कुराका लागि विद्यार्थीहरूलाई उत्साह प्रदान गरिरहनु भएको छ ?

(1) विस्तारपूर्वक पढ्नु (2) रिट्ठो नबिराई पढ्नु

(3) सर्सर्ती पढ्नु (4) गहनतापूर्वक पढ्नु

119. भाषा आर्जन तब मात्र हुन्छ, जब –

(1) नानीलाई व्याकरणका नियमहरू पढाइन्छ। (2) नानीलाई अनुवाद गर्ने प्रशिक्षण दिइन्छ।

(3) नानीलाई पढ्ने अवसर दिइन्छ। (4) नानी भाषातर्फ अभिमुख हुन्छ।

120. कक्षामा मातृभाषा संलग्न गर्नु कुन पद्धतिको विशिष्ट नमुना हो ?

(1) स्वाभाविक (2) द्विभाषिक (3) श्रव्य–भाषिक (4) प्रत्यक्ष

परीक्षार्थीहरूले **भाषा–II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग–V** ( **प्रश्न 121–150** ) का प्रश्नहरूको उत्तर दिनुपर्ने छ।

Candidates should attempt the questions from **Part-V (Q.No. 121-150)**, if they have opted **NEPALI** as **Language-II** only.

## PART-V

## LANGUAGE-II

## NEPALI

परीक्षार्थीहरूले **भाषा-II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग-V ( प्रश्न 121-150 )** का प्रश्नहरूको उत्तर दिनुपर्ने छ।

**तलको अनुच्छेद पढेर दिइएका प्रश्नहरू (121 - 128) का सही उत्तर चिन्हित गर्नु होस्।**

प्रेम नै नपाइने हो भने अनन्त यौवनको कामै के? पट्यार - लाग्दो यौवन अँगालेर पाइन्छ नै कै? फेरि तन्नेरी हुनाको सार्थकता प्रेम प्राप्त गर्नु र त्यसबाट आफू धन्य हुनु मात्र नभई जीवनलाई उचित ढाँचामा ढाल्नु पनि हो। जीवनको उचित प्रयोगलाई ध्यानमा राखेर नै हाम्रा पूर्वज ऋषिहरू समाधिद्वारा आफ्नो आयुलाई लम्याउँथे। योग होस्, समाधि होस् वा यार्चागुम्बाको सेवन नै होस्, हामीलाई यौवनमा डटिरहन सहायता गर्ने ती साधन मात्र हुन्। कामले नै मान्छे तन्नेरी, बालक वा बुढो ठहरिन्छ। चौबीस-पच्चीस वर्षको उमेरमा पनि लक्ष्यहीन भएर जुम्सो तालले हिँड्ने मान्छे हाम्रा समाजमा प्रशस्त छन्। ती तन्नेरी उमेरमै पनि बुढा ठहरिन्छन्। अथवा तीस-पैँतीस पुगेका उमेरले परिपक्व मानिसहरूको बुद्धि बालककै जस्तो अविकसित हुन्छ भने तिनलाई कसरी तन्नेरी भन्ने? त्यसरी नै पचास, साठी वा सत्तरी नै पुगेका मानिसहरू पनि फुर्तिला, जोसिला र कर्मठ हुन सक्छन्। त्यस्ता मान्छे कहिल्यै बुढिँदैनन्। मान्छे मनले बुढो हुन्छ, शरीरले वा उमेरले होइन। उसको विचार समय सँगसँगै परिष्कृत हुँदै जान्छ र जो युगसित बगेर हाँसीहाँसी बाँच्न सक्छ त्यो व्यक्ति सधैँ तन्नेरी रहिरहन्छ। नित्य नवीन ज्ञानका कुराहरूबाट आफूलाई सक्षम र सबल तुल्याउँदै जानाले व्यक्ति कहिल्यै बुढो हुँदैन।

**121.** फुर्तिला, जोसिला, कर्मठ - यी कस्ता शब्द हुन्?

(1) सबै तत्सम हुन्।
(2) सबै संज्ञा हुन्।
(3) सबै विशेषण हुन्।
(4) सबै उपसर्ग प्रक्रियाले निर्मित छन्।

**122.** अनुच्छेदमा कुन किसिमको बुढ्याइँको कुरा गरिएको छ?

(1) कार्य, व्यवहार र मानसिक रूपले हुने बुढ्याइँ
(2) योग, समाधिद्वारा प्राप्त हुने बुढ्याइँ
(3) युगसितै बगेर शारीरिक रूपले हुने बुढ्याइँ
(4) बालक अवस्थामा नै देखिने बुढ्याइँ

**123.** 'समाधि' को पर्यायवाची शब्द चिन्नु होस् -

(1) साधना, तप, ध्यान
(2) अध्ययन, मनन, योग
(3) धैर्य, अनुशासन, त्याग
(4) चेष्टा, ज्ञानक्षुधा, निग्रह

**124.** अनुच्छेद अनुसार तलको कुन कथन सही छ?

(1) तन्नेरी हुनाको सार्थकता प्रेम प्राप्त गर्नु हो।
(2) तन्नेरी हुनाको सार्थकता प्रेम प्राप्त गर्नु मात्र होइन।
(3) तन्नेरी हुनाको सार्थकता योग र समाधि हो।
(4) मान्छे तन्नेरी अवस्थामा नै बुढा देखिन्छन्।

**125.** जीवनलाई उचित ढाँचामा ढाल्नाले के हुन्छ ?

(1) प्रेम प्राप्त गर्न सकिन्छ
(2) तन्नेरी हुनाको सार्थकता रहन्छ
(3) आफू धन्य भइन्छ
(4) ऋषिहरूको जस्तो जीवन हुन्छ

**126.** 'जुम्सो तालले हिँड्ने मान्छे' भन्नाले के बुझिन्छ ?

(1) तन्नेरीमै बुढो देखिने मान्छे
(2) लक्ष्यहीन भई हिँड्ने मान्छे
(3) लोसो वा सुस्त पाराले हिँड्ने मान्छे
(4) केही पनि काम नगर्ने मान्छे

**127.** मानिस कसरी बुढो हुँदैन ?

(1) व्यायाम गरेर आफूलाई सधैँ स्वस्थ राख्नाले
(2) सधैँ नयाँ नयाँ पुस्तकहरू पढिरहनाले
(3) तीस पैँतीस वर्षका हुँदैदेखि शारीरिक परिश्रम गर्नाले
(4) युग सापेक्ष भई ज्ञानद्वारा आफूलाई योगी र सशक्त पार्नाले

**128.** 'यार्चागुम्बा' भनेको के हो ?

(1) पारम्परिक रूपले सेवन गरिने तरल ओखती
(2) ऋषिहरूले ग्रहण गर्ने सन्तुलित भोजन
(3) धूम्रपानका लागि तयार पारिएको कक्कड
(4) हिमाली क्षेत्रमा पाइने एक किसिमको झार

**तलको अनुच्छेद पढेर दिइएका प्रश्नहरू (129 - 135) का सही उत्तर चिन्हित गर्नु होस्।**

ठुलो साँझ झमक्क परेको बेला उजिरमान हातमा बन्दुक लिएर सोझो थानाभित्र पस्यो। त्यहाँ सिपाहीका मालिक, वीरबहादुर हवलदार लालटिनको धमिलो उज्यालोमा, नाकको डाँडीमा चस्मा झारेर के लेख्न लागेको थियो कुन्नि, फुटेको चिर कागतले टालेको त्यही माथि मैलो तेलको धुवाँले चिम ढाकेको हुनाले लालटिनको उज्यालो टेबल वरिपरि मात्र परेको थियो। आफ्नो अघि पसिनाले लत्त र पत्त भएर स्याँ-स्याँ गरी उभिएको उजिरमानलाई देखी ऊ एकचोटि झस्कियो अनि लालटिन उठाएर राम्ररी उभिने मानिसको अनुहार हेरेपछि भन्यो, ''हैन कहाँबाट यति बेला माइला दाइ ?'' उजिरमानले एकछिन अनकन्याएर भन्यो, ''हवलदार साहेब, क्याबात आज मैले ठुलो बिगार गरैँ, मैले भुलले भालु सिपाहीलाई मारैँ।'' हवलदार एक छिन वाल्ल परेर हेरिरह्यो अनि भन्यो, ''हैन के भनेको,भालु मारें भनेको हो कि हाम्रो अठहत्तरलाई मारैँ भनेको ?'' भालु सिपाहीको नम्बर अठहत्तर थियो। ऊ भन्न लाग्यो, ''हो भालु नै भनेर झुक्किएर भालु सिपाहीमाथि गोली हानैँ। उ बाहिर हेर्नु होस् न, क्याबात, म डायरी लेखाउन आएको। उजिरमानको दाहिने कुम रगतले छयाप्छ्याप्ती भिजेको थियो औ बाहिर भालु सिपाहीको लास लडिरहेको थियो।

**129.** माइला दाइ को हो ?

(1) सिपाहीको मालिक
(2) उजिरमान
(3) सिपाही
(4) वीरबहादुर

**130.** उजिरमान हातमा बन्दुक लिएर सोझै थानाभित्र किन पस्यो ?

(1) सिपाहीलाई मार्न
(2) साँझको बेला भएकाले
(3) भालुको दोषबारे उजुरी गर्न
(4) डायरी लेखाउन

**131.** 'क्याबात' कस्तो भाषिक अभिव्यक्ति हो ?

(1) अड्को
(2) वाग्धारा
(3) तुक्का
(4) थेगो

**132.** 'चिर कागत' भनेको के हो ?

(1) सादा कागत
(2) फाटेको कागत
(3) पुरानो कागत
(4) गाता वा मोटो कागत

**133.** स्याँ-स्याँ, वाल्ल, छ्याप्छ्याप्ती - यी शब्दहरु कुन वर्गमा पर्दछन् ?

(1) नाम
(2) विशेषण
(3) क्रियाविशेषण
(4) निपात

**134.** उजिरमानले भालु किन माऱ्यो ?

(1) पुरानो शत्रुता हुनाले
(2) झुक्किएर भुल गरेर
(3) उसले सिकार गर्न जानेकाले
(4) भालुले उसलाई बोलाएकाले

**135.** अनुच्छेदमा भएको प्रकरणमा कतिजना पात्र छन् ?

(1) तीन
(2) चार
(3) पाँच
(4) छ

**136.** भाषिक दक्षताले शिक्षार्थीलाई कुन कुराका लागि समर्थ बनाउँदछ ?

(1) व्याकरणिक रूपले शुद्ध अनि अशुद्ध वाक्य छुट्ट्याउन
(2) व्याकरणिक दृष्टिले शुद्ध नभए पनि धाराप्रवाह बोल्न
(3) कसरी अनि कहिले भाषाको समुचित प्रयोग गर्नु भन्ने कुरा जान्न
(4) अङ्ग्रेजी भाषा धेरै भन्दा धेरै प्रयोग गर्न

**137.** प्राथमिक स्तरका शिक्षिकाले सामान्यत: शिक्षार्थीहरूलाई रङ्ग भर्न वा चित्र कोर्न अभिप्रेरित गर्छिन्, कारण त्यसले सहयोग गर्छ __________ ।

(1) कक्षामा हल्ला नहोस् भन्ने उद्देश्यले विद्यार्थीहरूलाई व्यस्त राख्न
(2) उत्तम गतिक कौशलको विकास गर्न
(3) शिक्षार्थीहरूलाई मनोरञ्जन प्रदान गर्न
(4) शिक्षणकार्यबाट शिक्षकलाई आराम पुऱ्याउन

**138.** के भए नानीहरूले कुनै भाषा अत्यन्त प्रभावकारी ढङ्गमा सिक्न सक्छन् ?

(1) दक्ष भाषा शिक्षक (2) राम्रो पाठ्यपुस्तक (3) अवरोध (4) प्रोत्साहन

**139.** शिक्षिका आफ्नो कक्षामा सामूहिक चर्चा अनि समकक्षी अन्तर्क्रिया गराउनमा उद्यत छिन्। उनी हिज्जे अनि उच्चारण त्रुटि सुधारप्रति कुनै वास्ता राख्तिनन्। उनले आफ्नो कक्षामा कुन पद्धतिको प्रयोग गरिरहेकी छन् ?

(1) परम्परित (2) सङ्‌कलनात्मक (3) संरचनात्मक (4) विन्यासात्मक

**140.** एकजना शिक्षकका रूपमा पाठमा प्रयोग भएको भाषा आफ्ना शिक्षार्थीहरूका निम्ति अत्यन्त कठिन छ भन्ने कुरा तपाईँलाई थाहा भयो। तपाईँले भाषालाई सरल बनाउनु भयो अनि तपाईँका शिक्षार्थीहरूलाई सुहाउँदो किसिमले विषयमा पनि केही फेरबदल गर्नु भयो। तपाईँले गर्नुभएको उक्त कार्यलाई के भनिन्छ ?

(1) ग्रहण (2) अनुकूलन (3) मूल्याङ्कन (4) पुनर्विचार

**141.** स्कुल जाने भनेर आज राजु धेरै खुसी छ। उसको परिवारबाट स्कुल जाने ऊ पहिलो व्यक्ति हो। उसका बाबुआमा वा परिवारका कोही पनि कुनै पनि स्कुलमा कहिले पनि भर्ना भएका थिएनन्। त्यसैले राजु शिक्षामा __________।

(1) पहिलो पुस्ता हो (2) दोस्रो पुस्ता हो (3) किनारीकृत हो (4) अल्पसङ्ख्यक हो

**142.** पढाउन जाँदा तपाईँले के बुझ्नुभयो भने पाठ्यपुस्तकको आरम्भमा गीति कविता अनि चित्रकथा छन् भने अन्त्यमा वर्णहरू राखिएका छन्। भाषाको शिक्षाशास्त्रमा यस किसिमको व्यवस्था कुन पद्धतिले सुझाउ गर्छ ?

(1) बटम-अप पद्धति (2) टप - डाउन पद्धति

(3) सङ्कलनात्मक पद्धति (4) सौन्दर्यात्मक पद्धति

**143.** जब कुनै भाषा स्वाभाविक किसिमले वा कुनै औपचारिक अभ्यास बिना नै सिकिन्छ, त्यस प्रक्रियालाई के भनिन्छ ?

(1) विद्वता (2) अधिग्रहण (3) स्वीकार्यता (4) अध्ययन

**144.** जोडी जोडीमा रहेर होस् या समूहमा बसेर, शिक्षार्थीहरूले मिलजुलसँग समस्याको समाधान निकाल्नु निम्नलिखित कुन कुराको एउटा महत्त्वपूर्ण लक्षण हो ?

(1) सम्पर्कपरक भाषा शिक्षण (2) व्यवहारवादी पद्धति

(3) समग्र भाषा पद्धति (4) संरचनात्मक पद्धति

**145.** 'प्रदूषण' विषयमाथि कुनै पाठ योजना तयार गर्दा तपाईँको पहिलो चरणको काम के हुन्छ ?

(1) परिचयात्मक प्रश्नावली बनाउनु (2) विषयमाथि धेरैपल्ट विचार गर्नु

(3) शैक्षणिक सामग्री आदिको चयन गर्नु (4) उद्देश्य ढाँचा निर्माण गर्नु

**146.** शिक्षिकाले उनका विद्यार्थीहरूलाई 'पानी' का विषयमा एउटा अनुच्छेद लेख्न लगाइन्। त्यसपछि विद्यार्थीहरू विज्ञान र समाजविज्ञानका कक्षामा उनीहरूलाई के पढाइएको थियो भन्नेबारे चर्चा गर्छन्। त्यसपछि उनीहरू 'पानी' का विषयमा अनुच्छेद लेख्न थाल्छन्। यो कुन कुराको दृष्टान्त हो ?

(1) व्यवहारमा भाषा
(2) विज्ञानको भाषा
(3) पाठ्यक्रमइतर भाषा
(4) सम्पर्कपरक पद्धति

**147.** तपाईँ सबैजना हिन्दी बोल्ने एउटा गाउँमा जन्मनु अनि हुर्कनु भयो अनि कुनै स्कुल नगईकन तपाईँले पनि यही भाषा प्रयोग गर्न थाल्नुभयो। पछि स्कुल गएपछि तपाईँले अङ्ग्रेजी, संस्कृत, हिन्दी र उर्दू पढ्नु भयो। अहिले तपाईँ अङ्ग्रेजी फरर बोल्नुहुन्छ। अहिले तपाईँको प्रथम भाषा कुन हो ?

(1) अङ्ग्रेजी
(2) हिन्दी
(3) उर्दू
(4) संस्कृत

**148.** एकजना शिक्षिकाले आफ्नो कक्षामा दैनिक जीवनमा प्रयोग हुने वस्तुहरू जस्तै छाता, रेनकोट, स्क्रिउड्राइभर आदि लिएर आउँछिन्। उनी शिक्षार्थीहरूलाई दुई–तीन वाक्यमा ती वस्तुहरूको विवरण दिन लगाउँछिन्। शिक्षकले कक्षामा ल्याएका ती सामग्रीलाई तक्निकी रूपमा के भनिन्छ ?

(1) भाषा निवेश
(2) शिक्षण साधन
(3) उपकरण
(4) रिआलिया

**149.** कक्षामा काल पढाउनका लागि तपाईँ एउटै व्यक्तिका दुईवटा नक्साको प्रयोग गर्नुहुन्छ – एउटा नक्सा 15 वर्ष अगाडिको हो भने दोस्रो नक्सा भर्खरै खिचिएको हो। तपाईँ त्यस व्यक्तिको वर्तमान र विगत, उसको रूप अनि आनीबानीबारे कक्षामा एउटा चर्चा सुरु गर्नु हुन्छ। यहाँ तपाईँ केको प्रयोग गरिरहनु भएको छ ?

(1) निर्देशात्मक व्याकरण
(2) संरचनात्मक व्याकरण
(3) शिक्षाशास्त्रीय व्याकरण
(4) नियम आधारित व्याकरण

**150.** एउटा निश्चित कक्षा वा पाठ्यचर्याको समापनमा विद्यार्थीले आर्जन गर्ने ज्ञान, कौशल अनि अभिवृत्ति बयान गर्ने विवरण निम्नलिखित कुन अन्तर्गत पर्दछ ?

(1) शिक्षणको परिणाम
(2) अध्ययनको परिणाम
(3) सङ्ख्या गणितीय परिणाम
(4) आधारभूत साक्षरता परिणाम

- o O o -

SPACE FOR ROUGH WORK

**तल दिइएको निर्देशन ध्यानले पढ्नु होस्**

1. प्रश्नहरूका उत्तर कुन प्रकारले दिनु पर्ने हो भन्नेबारे उत्तर–पुस्तिकामा राम्ररी बुझाइएको छ, उत्तर दिनुभन्दा अघि ती राम्ररी पढ्नु होस्।

2. OMR को दोस्रो पातोमा दिइएका चार वैकल्पिक उत्तरहरूमध्ये केवल एउटा शुद्ध वृत्तलाई **निलो/कालो बल पेनले भरेर कालो** पार्नु होस्। एकपटक उत्तर कालो पारेपछि त्यसलाई सच्च्याउन पाइने छैन।

3. परीक्षार्थीले उत्तर पुस्तिका भाँचभुच गर्न पाउने छैनन्। कुनै पनि उत्तरमाथि कोरकार गर्न पाउने छैनन्। निर्दिष्ट गरिएको बाहेक अन्यत्र कतै आफ्नो रोल नम्बर लेख्न पाइने छैन।

4. उत्तर पत्र तथा परीक्षा पुस्तिकालाई विशेष रूपले ध्यान दिनु होस्। कुनै कारणवश परीक्षा पुस्तिका र उत्तर पत्रको कोड वा सङ्ख्या यताउता परे मात्रै अर्को परीक्षा पुस्तिका दिइने छ।

5. परीक्षार्थीले दिइएको उत्तर पत्र/परीक्षा पुस्तिकामा कोड नम्बर आदि सही ढङ्गले लेख्नु पर्ने छ।

6. OMR उत्तर पुस्तिकामा दिइएका सूचनादि जाँच गर्ने र पढ्ने काम यन्त्रद्वारा गरिने हुँदा कुनै पनि सूचना अधुरो नरहोस् अनि प्रवेश पत्रमा दिइएको सूचनाभन्दा भिन्न पनि नहोस्।

7. परीक्षार्थीले परीक्षाको समयमा कुनै पाठ्यसामग्री, टङ्कित वस्तु, कागज, मोबाइल फोन र अन्य कुनै पनि विद्युतीय सामग्री आदि ल्याउन पाउने छैनन्।

8. मोबाइल फोन, वायरलेस संयन्त्र (स्विच अफ गरिएकै अवस्थामा भए पनि) अनि अन्य वर्जित वस्तुहरू परीक्षा कक्ष/हलमा ल्याउन पाइने छैन। यस निर्देशको पालना नगरिएमा परीक्षा नियमको पालना नगरिएको ठहर गरी कार्वाही गरिनेछ, जसमा परीक्षा नै रद्द हुने कुरासम्म संलग्न छ।

9. आवश्यक र उचित समयमा परीक्षार्थीले आफ्नो प्रवेश पत्र देखाउनु पर्ने छ।

10. निरीक्षकको अनुमति बिना परीक्षार्थीले बाहिर जान पाउने छैनन् वा परीक्षा भवन छोड्न सक्ने छैनन्।

11. परीक्षार्थीले उत्तर पुस्तिका नबुझाएसम्म परीक्षा भवन छोड्न पाउने छैनन्। परीक्षा भवन छोड्न अघि निरीक्षक पत्र, उपस्थिति पत्र आदिमा हस्ताक्षर गर्नु पर्ने छ। कुनै परीक्षार्थीले दोस्रो पल्ट उपस्थिति पत्रमा हस्ताक्षर गरेको छैन भने उत्तर पत्र नफर्काएको मानिने छ र यो अनुचित मुद्दा ठहऱ्याइने छ। उपस्थिति पत्रमा दिइएको स्थानमा परीक्षार्थीले आफ्नो देब्रे हातको बुढी औँलाको छाप अवश्य लाउनु पर्ने छ।

12. कुनै पनि विद्युतीय उपकरण राख्नु निषेध छ।

13. परीक्षार्थीले बोर्डले दिएको निर्देशको पूर्ण रूपले पालन गर्नु पर्ने छ। कुनै तरिकाले नियम उल्लङ्घन भएमा बोर्डको नियमअनुसार दण्डको व्यवस्था गरिने छ।

14. प्रश्न पुस्तिकाको कुनै खण्ड च्यात्न वा अलग्गै पारी फटाउन पाइने छैन।

15. **परीक्षाको समाप्तिपछि परीक्षार्थीले सबै प्रकारले उत्तर पुस्तिका परीक्षकलाई बुझाउनुपर्ने छ तब मात्रै परीक्षा भवन छोड्न पाइने छ। परीक्षार्थीले कुनै पनि उत्तर पुस्तिका साथमा लान पाउने छैनन्।**

## निम्नलिखित निर्देशों को ध्यान से पढ़ें :

1. जिस प्रकार से विभिन्न प्रश्नों के उत्तर दिए जाने हैं उसका वर्णन परीक्षा पुस्तिका में किया गया है, जिसे आप प्रश्नों का उत्तर देने से पहले ध्यान से पढ़ लें।
2. प्रत्येक प्रश्न के लिए दिए गए चार विकल्पों में से सही उत्तर के लिए OMR उत्तर पत्र के **पृष्ठ-2** पर केवल एक वृत्त को ही पूरी तरह **नीले/काले बॉल पॉइन्ट पेन** से भरें। एक बार उत्तर अंकित करने के बाद उसे बदला नहीं जा सकता है।
3. परीक्षार्थी सुनिश्चित करें कि इस उत्तर पत्र को मोड़ा न जाए एवं उस पर कोई अन्य निशान न लगाएँ। परीक्षार्थी अपना अनुक्रमांक उत्तर-पत्र में निर्धारित स्थान के अतिरिक्त अन्यत्र न लिखें।
4. परीक्षा पुस्तिका एवं उत्तर पत्र का ध्यानपूर्वक प्रयोग करें, क्योंकि किसी भी परिस्थिति में (केवल परीक्षा पुस्तिका एवं उत्तर पत्र के कोड या संख्या में भिन्नता की स्थिति को छोड़कर) दूसरी परीक्षा पुस्तिका उपलब्ध नहीं करायी जाएगी।
5. परीक्षा पुस्तिका/उत्तर पत्र में दिए गए परीक्षा पुस्तिका कोड व संख्या को परीक्षार्थी सही तरीके से उपस्थिति-पत्र में लिखें।
6. OMR उत्तर पत्र में कोडित जानकारी को एक मशीन पढ़ेगी। इसलिए कोई भी सूचना अधूरी न छोड़ें और यह प्रवेश-पत्र में दी गई सूचना से भिन्न नहीं होनी चाहिए।
7. परीक्षार्थी द्वारा परीक्षा हॉल/कक्ष में प्रवेश-पत्र के सिवाय किसी प्रकार की पाठ्य-सामग्री, मुद्रित या हस्तलिखित, कागज़ की पर्चियाँ, पेजर, मोबाइल फोन, इलेक्ट्रॉनिक उपकरण या किसी अन्य प्रकार की सामग्री को ले जाने या उपयोग करने की अनुमति नहीं है।
8. मोबाइल फोन, बेतार संचार युक्तियाँ (स्विच ऑफ अवस्था में भी) और अन्य प्रतिबंधित वस्तुएँ परीक्षा हॉल/कक्ष में नहीं लाई जानी चाहिए। इस सूचना का पालन न होने पर इसे परीक्षा में अनुचित साधनों का प्रयोग माना जाएगा और परीक्षार्थी विरुद्ध कार्यवाही की जाएगी, परीक्षा रद्द करने सहित।
9. पूछे जाने पर प्रत्येक परीक्षार्थी, निरीक्षक को अपना प्रवेश-पत्र दिखाएँ।
10. केन्द्र अधीक्षक या निरीक्षक की विशेष अनुमति के बिना कोई परीक्षार्थी अपना स्थान न छोड़ें।
11. कार्यरत निरीक्षक को अपना उत्तर पत्र दिए बिना एवं उपस्थिति-पत्र पर दुबारा हस्ताक्षर किए बिना परीक्षार्थी परीक्षा हॉल/कक्ष नहीं छोड़ेंगे। यदि किसी परीक्षार्थी ने दूसरी बार उपस्थिति-पत्र पर हस्ताक्षर नहीं किए, तो यह माना जाएगा कि उसने उत्तर पत्र नहीं लौटाया है और यह अनुचित साधन का मामला माना जाएगा। **परीक्षार्थी अपने बाएँ हाथ के अंगूठे का निशान उपस्थिति-पत्र में दिए गए स्थान पर अवश्य लगाएँ।**
12. इलेक्ट्रॉनिक/हस्तचालित परिकलक का उपयोग वर्जित है।
13. परीक्षा हॉल/कक्ष में आचरण के लिए परीक्षार्थी परीक्षण संस्था के सभी नियमों एवं विनियमों द्वारा नियमित हैं। अनुचित साधनों के सभी मामलों का फैसला परीक्षण संस्था के नियमों एवं विनियमों के अनुसार होगा।
14. किसी भी परिस्थिति में परीक्षा पुस्तिका और उत्तर पत्र का कोई भाग अलग न करें।
15. **परीक्षा सम्पन्न होने पर, परीक्षार्थी हॉल/कक्ष छोड़ने से पूर्व उत्तर पत्र निरीक्षक को अवश्य सौंप दें।** ***परीक्षार्थी अपने साथ इस परीक्षा पुस्तिका को ले जा सकते हैं।***

## READ THE FOLLOWING INSTRUCTIONS CAREFULLY :

1. The manner in which the different questions are to be answered has been explained in the Test Booklet which you should read carefully before actually answering the questions.
2. Out of the four alternatives for each question, only one circle for the correct answer is to be darkened completely with **Blue / Black Ball Point Pen** on **Side-2** of the OMR Answer Sheet. The answer once marked is not liable to be changed.
3. The candidates should ensure that the Answer Sheet is not folded. Do not make any stray marks on the Answer Sheet. Do not write your Roll No. anywhere else except in the specified space in the Answer Sheet.
4. Handle the Test Booklet and Answer Sheet with care, as under no circumstances (except for discrepancy in Test Booklet Code or Number and Answer Sheet Code or Number), another set will be provided.
5. The candidates will write the correct Test Booklet Code and Number as given in the Test Booklet/Answer Sheet in the Attendance Sheet.
6. A machine will read the coded information in the OMR Answer Sheet. Hence, no information should be left incomplete and it should not be different from the information given in the Admit Card.
7. Candidates are not allowed to carry any textual material, printed or written, bits of papers, pager, mobile phone, electronic device or any other material except the Admit Card inside the examination hall/room.
8. Mobile phones, wireless communication devices (even in switched off mode) and the other banned items should not be brought in the examination halls/rooms. Failing to comply with this instruction, it will be considered as using unfair means in the examination and action will be taken against the candidate including cancellation of examination.
9. Each candidate must show on demand his/her Admit Card to the Invigilator.
10. No candidate, without special permission of the Centre Superintendent or Invigilator, should leave his/her seat.
11. The candidates should not leave the Examination Hall/Room without handing over their Answer Sheet to the Invigilator on duty and sign the Attendance Sheet twice. Cases where candidate has not signed the Attendance Sheet second time will be deemed not to have handed over the Answer Sheet and dealt with as an unfair means case. **The candidates are also required to put their left hand THUMB impression in the space provided in the Attendance Sheet.**
12. Use of Electronic/Manual Calculator is prohibited.
13. The candidates are governed by all Rules and Regulations of the Examining Body with regard to their conduct in the Examination Hall/Room. All cases of unfair means will be dealt with as per Rules and Regulations of the Examining Body.
14. No part of the Test Booklet and Answer Sheet shall be detached under any circumstances.
15. **On completion of the test, the candidate must hand over the Answer Sheet to the Invigilator in the Hall / Room.** ***The candidates are allowed to take away this Test Booklet with them.***